आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : ११ मिति : २०७७/०६/२५

## भाग - २

आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विद्यार्थी सिकाइ व्यवस्थापन कार्यविधि,२०७७

प्रस्तावनाः कोभिड-१९ सङ्क्रमण रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न तथा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ र विद्यालय शिक्षा सञ्चालन सम्वन्धी आकास्मिक कार्ययोजना,२०७७ को प्रभावकारी कार्यान्वयन गरी वालवालिकालाई आफ्नो परिवेश अनुकुल सिक्ने वातावरण सृजना गर्न तथा शिक्षण सिकाइ कार्यलाई निरन्तर,सहज, प्रभावकारी र व्यवस्थित गर्न वाञ्छनीय भएकाले आलिताल गाँउपालिका,गाँउकार्यपालिकाले यो कार्यविधि लागु गरेको छ।

### **परिच्छेद-१**

### **प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विद्यार्थी सिकाइ व्यवस्थापन कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि आलिताल गाँउपालिका,गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाँउपालिका" भन्नाले आलिताल गाँउपालिकालाई सम्झनु पर्छ ।

(ख) "शिक्षा शाखा" भन्नाले आलिताल गाँउपालिकाको शिक्षा शाखा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(ग) "शाखा प्रमुख" भन्नाले शिक्षा ,युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ।

(च) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(छ) "सिकाइ व्यवस्थापन" भन्नाले कोभिड-१९ सङ्क्रमण रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न अपनाउने बभिन्न विधि,प्रकृया, माध्यम र चरण सम्झनु पर्छ।

परिच्छेद-२

कार्यक्रमका नमुनाहरु

३. <u>कार्यक्रम सञ्चालन प्रक्रियाका ढाँचा वा नमूना:</u> विद्यालय सञ्चालनका ढाँचा वा नमूना देहाय वमिजिम हुनेछन र सिकाइको ढाँचा र प्रकृयाको निर्माण गर्दा विद्यालयले विद्यार्थी सङ्ख्या,पढाइ हुने तह र भौगोलिक अवस्थालाई मुख्य आधार मान्नु पर्नेछ।

(१) प्रत्यक्ष विद्यालयमा आधारित शिक्षणः सामाजिक तथा भौतिक दुरी र उचित स्वास्थ्य सुरक्षाका उपाय अपनाई विद्यालयमा नियमित पठनपाठन,

(२) होम स्कुलिङ्गः वालवालिकाको घरलाई नै विद्यालय मानि अभिभावकबाट वा सहयोगी कार्यकर्ताबाट सिकाइमा सहजीकरण तथा प्रेरित गर्ने प्रक्रिया,

(३) टोल स्कुलिङ्गः टोललाई एउटा विद्यालय मानि वा टोलमा एउटा समूह वनाई सोही टोलमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रकृया,

(४) खुला तथा दुर सिकाइः श्रव्य वा श्रव्य-दृश्य सामाग्रीवाट गरिने सिकाइ,

(५) मुद्रित सामाग्रीको प्रयोगः पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा शिक्षकले तयार पारेका हस्तलिखित सामाग्रीहरु,

(६) आधुनिक सुचना प्रविधिको प्रयोगः Closed User Group म्यासेन्जर,म्यासेज,फोन सम्पर्क र ईन्टरनेटको प्रयोग,

परिच्छेद-३

कार्यक्रम सञ्चालन सम्वन्धी व्यवस्था

४. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) प्रत्येक विद्यालयले अभिभावक,शिक्षक अभिभावक संघ र समितिसंगको समन्वयमा शैक्षणिक सिकाइको ढाँचा र प्रकृयाको निर्माण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शैक्षणिक सिकाइको ढाँचा र प्रकृयाको निर्माण गरी समितिवाट अनिवार्य स्वीकृत गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिमको शैक्षणिक सिकाइको ढाँचा र प्रकृयाको निर्माण गर्दा शिक्षक सङ्ख्या, विद्यार्थी सङ्ख्या,पढाइ हुने तह र भौगोलिक अवस्थालाई मुख्य अधार मान्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको शैक्षणिक सिकाइको ढाँचा र प्रकृयाको निर्माण गरिसकेपछी विद्यालयले वार्षिक कार्यतालिका निर्माण गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको वार्षिक कार्यतालिका आधारमा शिक्षकले साप्ताहिक र मासिक समय तालिका निर्माण गरी प्रकाशन गर्नुपर्ने छ।

(६) शिक्षकले तोकेको जिम्मेवारी अनुरुप आफूले सम्पादन गरेको विद्यार्थी सिकाइ क्रियाकलापको अर्धमासिक प्रगति प्रधनाध्यापक समक्ष पेश गर्नुपर्ने छ।

(७) प्रधानाध्यापकले आफ्नो विद्यालयको त्रैमासिक प्रगति शिक्षा शाखामा पेश गर्नुपर्ने छ।

५. <u>सिकाइ प्रक्रिया सञ्चालन गर्ने समयावधि:</u> (१) विद्यालयले वार्षिक कार्ययोजना वनाउँदा पाठ्यक्रम विकास केन्द्रले समायोजन गरेको पठ्यक्रमको ढाँचाका आधारमा वनाउनु पर्ने छ र समायोजित पाठ्यक्रम कार्यान्वन गर्न समेत समय अभाव हुने देखिएमा विद्यालयले सार्वजानिक विदाका दिन समेत सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्नेछन।

६. <u>प्रयोगात्मक तथा व्यवहारिक कार्य सञ्चालन:</u> पाठ्यक्रमले तय गरेका विषयवस्तुमा आधारित भई विद्यार्थीहरुलाई प्रयोगात्यक कार्य, व्यवहारिक कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य र दैनिक जिवनसंग सम्वन्धित कार्यमा जोड दिनु पर्ने छ।

७. <u>सिकाइको मुल्याङ्कन,अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणीकरण:</u> दफा ३ मा उल्लेख भएका सिकाइका नमुना मध्येबाट हासिल गरेको सिकइ उपलव्धिलाई सम्वन्धित विषय वा कक्षा शिक्षकले मूल्याङ्कन, नतिजा प्रकासन र प्रमाणीकरण गर्नुपर्ने छ।

परिच्छेद-४

कार्यक्रम सञ्चालनका आधारहरु

८. <u>कार्यक्रम सञ्चालनका आधारहरु:</u> दफा ३ मा उल्लेख भएका नमूना प्रयोगमा ल्याउदा देहाय बमोजिमको आधारमा प्रयोगमा ल्याउनुपर्ने छ।

(१) एउटै टोलमा बसोबास गर्ने ३० जनासम्म विद्यार्थीहरु भएको विद्यालयले आवश्यक स्वास्थ्य सुरक्षा अपनाई नियमित पठनपाठन गर्नुपर्ने छ।

(२) दुई वा सो भन्दा बढी टोलमा बसोबास गर्ने ३० जनासम्म विद्यार्थीहरु भएको विद्यालयले टोल अनुसारको समय सारणी बनाई आवश्यक स्वास्थ्य सुरक्षा अपनाई नियमित पठनपाठन गर्नुपर्ने छ।

(३) १०० जना सम्म विद्यार्थीहरु भएका विद्यालयहरुले जोर/ विजोर प्रणाली र आवश्यक स्वास्थ्य सुरक्षा अपनाई नियमित पठनपाठन गर्नुपर्ने छ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक वालविकास उमेर समूहका वालवालिकालाई नियमित विद्यालय सञ्चालन प्रक्रियाको शिक्षण सिकाइमा संलग्न गराइने छैन र त्यस्ता वालवालिकालाई सहयोगी कार्यकर्ता (वाल विकास शिक्षक) र अभिभावक मार्फत होम स्कुलिङ्गको रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। होम स्कुलिङ्ग प्रक्रिया देहाय वमोजिम हुनेछ।

(क) सहयोगी कार्यकर्ता (वाल विकास शिक्षक)ले कार्ययोजना वनाई अभिभावकको घर घरमा गई वालवालिकाको सिकाइमा सहजीकरण गर्नुपर्ने छ।

(ख) सहयोगी कार्यकर्ता (वाल विकास शिक्षक)ले सबै अभिभावकको घरमा पुग्न असम्भव भएमा प्रधानाध्यापकले वा शिक्षक वा सहयोगी कार्यकर्ता (वाल विकास शिक्षक)ले माथिल्लो तह अध्ययन गरेका अभिभावकलाई सिकाइ सहजकर्ताको रुपमा छनौट गरी सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्छ । सहयोगी कार्यकर्ता (वाल विकास शिक्षक)ले आवश्यक समय सारणी मिलाई वालवालिका तथा अभिभावकसँग सम्पर्कमा रहनुपर्ने छ।

(५) उपदफा १,२र ३ मा जुन सुकै कूरा लेखिएको भएता पनि १०० भन्दा वढी विद्यार्थी भएका विद्यालयले विद्यलयको भौतिक र जनशक्तिको अवस्था हेरी निश्चित तह वा कक्षालाई समावेश गरी बिभिन्न भाग वा चरणमा बिभाजन गरी बढीमा १५० जना सम्म विद्यार्थी विद्यालयमा नै पठन पाठन गर्न सक्ने वयवस्था मिलाउन सक्नेछन र बाँकी बिद्यार्थीकालागि विद्यालयले समिति र अभिभावकसंग समन्वय गरी टोल टोलमा सिकाइ केन्द्र कायम गरी टोल स्कुलिङ्गको व्यवस्था गर्नुपर्ने छ।सबै टोलमा स्कुलिङ्गको व्यवस्था गर्न असम्भव भएमा दूई वा सो भन्दा बढी टोललाई समायोजन गरी सबैलाई पायक पर्ने टोललाई स्कूलको रुपमा कायम गर्नुपर्ने छ र एक टोलमा स्कुलिङ्गमा ३० जना भन्दा बढी विद्यार्थीहरु समावेश गरिने छैन। प्रधानाध्यापकले शिक्षकलाई टोल स्कुलिङ्गको जिम्मा तोक्नुपर्ने छ र अर्धमासिक रुपमा प्रधानाध्यापकले टोल शिक्षकको जिम्मेवारी फेरवदल गर्नुपर्ने छ।टोल स्कुलिङ्गको व्यवस्थापन गर्दा

खुलाचौर, सामुदायिक भवन, र सामुदायिक स्थानलाई सिकाइ केन्द्र  तोक्नुपर्ने दायित्व समितिको हुनेछ। यसरी टोल स्कुलिङ्ग सञ्चालन गर्न असम्भव भएमा फरक-फरक दिन वा समयमा बिभिन्न चरणमा विद्यालय सञ्चालन गर्न सकिनेछ र एक चरणमा एउटा विद्यालयमा १५० जना भन्दा बढी विद्यार्थीहरु पठन पाठन गर्न पाईने छैन।

(६) उपदफा १, २ र ३ मा व्यवस्था भए बमोजिमको ढाँचाको शिक्षण कार्यमा सहभागि शिक्षकले कोरना सङ्क्रमित क्षेत्रमा आवतजावत गर्नु पर्ने भएमा शिक्षा शाखासंग समन्वय गर्नुपर्ने र पुनः  शिक्षण कार्यमा फर्कदा होम क्वारेन्टाइनमा बसेर वा पि. सि. आर. परीक्षण गरेर मात्र शिक्षण कार्य सञ्चालन गर्नुपर्ने छ तथा एक समुह वा कक्षाले प्रयोग गरेका कक्षाकोठा वा शौचालय वा शैक्षक सामाग्री निर्मलीकरण वा सेनिट्राईज नगरेसम्म अर्को समूहले प्रयोग गर्न पाउने छैन र विद्यालयमा विद्यार्थीले अलग-अलग शौचालयको प्रयोग गर्न शौचालयको अभाव भएमा खाल्डो खनि कपडा वा पलास्टिको प्रयोग गरी अस्थाई शौचालय निर्माण गर्नु पर्ने छ। साथै खाने पानी विद्यार्थीहरुले घरबाट नै बोकेर लगेको हुनुपर्ने छ। कक्षा कोठाको हकमा उचित सुरक्षाका उपाय अपनाइ खुला मैदानमा पनि शिक्षण सिकाइ क्रिर्याकलाप सञ्चालन गर्न सकिने छ।

(७) आधुनिक सूचना प्रवुधिको पहुच पुगेका विद्यार्थीहरुले Closed User Group म्मासेन्जर, म्यासेज फोन सम्पर्कको माध्यमवाट पाठ्यक्रमसँग सम्वन्धित विषयवस्तुमा छलफल गर्न सक्नेछन। यस्ता छलफलमा शिक्षकले उचित समयको व्यवस्था गरेर भागलिनु पर्नेछ।

(८) माध्ममिक तहमा समय र स्रोत साधनको अभावले शिक्षण गर्नमा बाधा आएमा सम्वन्धित विषय शिक्षकले पाठ्यवस्तुसँग सम्वन्धित हस्तलिखित सामाग्रीहरु वितरण गर्नुपर्ने र सिकाइमा सहजीकरण गर्नुपर्ने छ।

९. यस परिच्छेदका मापडण्डका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन भए नभएको सम्वन्धमा नियमित अनुगमन गर्ने काम शिक्षा शाखाको हुनेछ।

परिच्छेद-५

विविध

१०. अभिलेख कायम गर्नुपर्नेः प्रधानाध्यापकले विद्यार्थी अभिलेखको आधारमा शैक्षिक तथ्याङ्क विद्यालय तहको विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फायलमा प्रवृष्ट गर्नु पर्नेछ।

११. पि.सि.आर.परीक्षण गर्नुपर्नेः गाँउपालिका भन्दाबाहिर रहेका र यो कार्यविधि बमोजिम सिकाई क्रियाकलाप सञ्चालन गर्ने सबै शिक्षक तथा कर्मचारीहरुले विद्यालयमा हाजिर हुनु पुर्व अनिवार्य रुपमा पि.सि.आर.परीक्षण गरेको रिपोट सम्वन्धित विद्यालयमा पेश गर्नुपर्ने छ।

१२. मापदण्डको पालना गर्नुपर्नेः यस कार्यविधि अनुसार सिकाइ क्रियाकलाप सञ्चालन गर्दा कोभिड-१९ महामारीको नियन्त्रण तथा  रोकथामका लागि नेपाल सरकार,प्रदेश सरकार र स्थानीय सरकारवाट निर्धारित सबै मापदण्ड पालना गर्नुपर्ने छ।

१३. अन्य व्यवस्थाः यस कार्यविधिमा लेखिएको बाहेक विद्यार्यी सिकाइ व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ र विद्यालय शिक्षा सञ्चालन सम्वन्धी आकास्मिक कार्ययोजना,२०७७  बमोजिम हुनेंछ।

१४. बाझिएको अमान्य हुनेः यस कार्यविधिमा उल्लेखित कूनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले,

भोज बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत

आदिवाल गाँउपालिका

अलिताल गाउँपालिका